**Organization of Women Scientist Nepal – OWSN- OWSD Nepal Chapter**

**Bagdol, Kathmandu, Nepal**

**Email: owsd.nepal@gmail.com**

**Phone: 9851168762**


राष्ट्रिय योजना आयोगले 'कोभिड १९' को संक्रमणबाट नेपालको सामाजिक, आर्थिक एवम् अन्य क्षेत्रहरुमा परेको असर/प्रभाव अध्ययन गरि अर्थब्यबस्थालाई पुनरुत्थान गर्न आबश्यक नीति, रणनीति एवम उपयुक्त उपायहरु सहितको प्रतिबेदन तयार पार्न विभिन्न बिषयहरुमा राय, सुझाब, सल्लाह आब्हान गरिएकोले महिला बैज्ञानिकहरुको संगठन नेपाल (Organization of Women Scientists Nepal) ले यस संस्थाका महिला बैज्ञानिकहरु र बिषेशज्ञ को परामर्शमा देहाय बमोजिमका सुझाबहरु तयार पारेको छ।

## कृषिजन्य वस्तुको उत्पादन, आपुर्ति र वितरण

**प्रमुख प्रभावहरुः**

1. कृषिजन्य वस्तुको (तरकारी, दुध, माछा, कुखुरा) उत्पादनमा मल, दाना, हर्मन, औषधि तथा श्रमको अभावले घट्नेछ ।
2. दाना खाने जिवहरु जस्तै माछा तथा कुखुरा पालनमा ठुले अशर पर्ने देखिन्छ र कृषकले यसबाट लिने आम्दानीमा ह्रास आउनेछ ।
3. कृषिजन्य वस्तुहरुको बजारिकरण, आपुर्ति र भण्डाणमा ठुलो अषर पर्नेछ, यस्ता उत्पादनहरु बजार सम्म पुग्न नसकेर कृषकहरुको खेतबारिमै नष्ट हुने देखिन्छ ।
4. वित्तिय तथा प्राबिधिक सेवा सुबिधाहरुमा बाधा पुग्नाले उत्पादनमा नकारात्मक अशर पर्नेछ ।
5. कृषिजन्य बस्तुहरु संग सम्बन्धित ब्यपारी, प्रशोधनकर्ता, एग्रोभेट, माछाबाट जिविकोपार्जन गर्ने जलहरी तथा खान तथा होटल ब्यबसायीहरुमा समेत नकारात्मक अशर पर्नेछ ।

**सुझावहरुः**

1. सरकारबाट तुरन्तै राहत कार्यक्रमहरु आउनुपर्यो । र उक्त कार्यक्रममा ऋणको ब्याजदर मिनाह गर्ने वा घटाउने, आवश्यक दाना, मल, यन्त्र बिद्युत र ढुवानीमा कृषकहरुलाई सहुलियत तथा अनुदानको व्तबस्था गर्नुपर्यो ।
2. कृषकहरुको उत्पादनलाई बिक्रि गर्नको लागि सेफ्टि निर्देशिकाको पालना गर्दै बिक्रि वितरणको वातावरण सहज गरिदिने ।
3. संक्रमणको आधारमा बिभिन्न क्षेत्रहरु निर्धारण गरि कम संक्रमण भएको क्षेत्रमा नियन्त्रित रुपमा कृषिजन्य गतिबिधि संचालन गर्न अनुमति दिने ।

4. सरकारले बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई समेत लक्षित गरि आकर्षक, वैज्ञानिक र व्यवसायिक कृषि कार्यक्रमहरु ल्याउनु पर्छ । जस्तैः तरकारी खेती, माछा पालन, कुखुरा पालन, बाख्रापालन तथा दुग्धजन्य व्यवसायहरु जस्ता कृषक लक्षित नाफामुलक कार्यक्रमहरु लागु गर्नु पर्दछ ।

5. कृषकहरुको लगानी सुरक्षित गर्न कृषकहरुका लागि विमा सम्बन्धि कार्यक्रमहरु प्रभावकारी रुपले लागु गर्नु पर्दछ ।

6. साना कृषकहरूलाई लाभान्वित गर्न सामूहिक खेतिको कार्यक्रम बनाई लागु गर्ने ।

7. कृषि  जन्य भूमि पहिचान गरी , तेस्मा चाहिने मल, बीउ, सिँचाइ को राम्रो बेवस्ता गरि  दिने।

8. प्रत्येक जिल्लामा कम्तीमा एउटा कोल्ड स्टोरेज् बनाउने, कृषि उत्पादन भन्डरन् को लागि।

9. कृषकहरूको बिक्री नभएको उत्पादन को जिम्मेवारी नेपाल सरकार को सम्बन्धित निकाये ले लिइनु पर्ने।

10. नेपाल को उत्पादन लाई प्रोत्साहन दिन को लागि, अन्य मुलुक बाट आयत हुने कृषि जन्य समान लाई निरुत्साहित गर्नु पर्ने।

**<u>शिक्षा प्रणाली</u>**

**सुझावहरुः**

1. शैक्षिक क्यालेण्डरलाई व्यवस्थित गर्न अनलाईन पठनपाठनको व्यवस्था गर्ने र यसका लागि कक्षा कोठाको भौतिक पुर्वाधार, विद्धार्थि र शिक्षकको क्षमता विकाश गर्ने । रकरुपताका  लागि आबश्यक समन्वय गर्ने, आचार संहिता बनाउने।

2. शिक्षकको कार्यभार कम गर्न देश तथा विदेशमा रहेका विषयगत विज्ञहरुद्वारा समेत भिडियो कन्फरेन्स मार्फत अध्यापन गराउने व्यवस्था गर्ने। वा आंशिक शिक्षकहरुको व्यवस्थापन गर्ने ।

3. विध्यार्थिहरुलाई न्युन जोखिम भएको स्थानहरुमा स्थलगत अध्ययन अनुसन्धान गर्न अनुमति दिने ।

4. बन्दाबन्दिको कारण बृद्दि हुने अतिरिक्त शुल्क तथा अनुसन्धान खर्चमा विद्धार्थिलाई सरकारले सहयोग प्रदान गर्ने ।

5. मौजुदा शैक्षिक पाठ्यक्रमहरु लाई समिक्षा गरि समयानुकुल अनलाईन मैत्रि बनाउने र यसका लागि कार्यविधि तथा निर्देशिकाहरु बनाउने ।

6. विपद् व्यवस्थापन तथा सुरक्षा सम्बन्धि पाठ्यक्रम विकाश गरि लागु गर्ने । प्रत्येक ठुला शैक्षिक संस्थाहरुमा विपद् व्यवस्थापन सम्बन्धि ईकाई र साना शैक्षिक संस्थाहरुमा तालिम प्राप्त जनशक्तिको ब्यवस्था गर्ने ।

7. प्रत्येक बिश्वबिधालय, कलेजहरुमा अनिबार्यरुपमा रिसर्च युनिटको स्थापना गर्ने। विद्धार्थि र शिक्षकहरुलाई विपद् व्यवस्थापन सम्बन्धि अध्ययन – अनुसन्धानको लागि प्रोत्साहन र सहयोग गर्ने ।

8. बिश्वबिधालयमा भएका माइक्रोबाइलोजी तथा रसायनशास्त्र प्रयोगशालाहरुलाई आबश्यक परेको खण्डमा कोभिड टेस्टको लाइ प्रयोगमा ल्याउने।

9. हामी संग उपलब्ध बिज्ञ तथा जनशक्तिको डाटाबेश बनाउने र आबश्यकता अनुसार उनीहरुसंग सरसल्लाह गर्ने।

10. ब्यबहारिक शिक्षामा जोड दिने।

**पब्लिक हेल्थ**

**सुझावहरुः**

1. पालिका स्तरमा WASH केन्द्र स्थापना गर्ने। यसलाई सुबिधा सम्पन्न बनाउने।

2. तालिम प्राप्त जनशक्ति WASH क्षेत्रमा तयार गर्ने। यसको लागि पालिकामा भएका युवाहरुलाई परिचालन गर्ने

3. आबश्यकता अनुसार बिधालय भवनहरुलाई आइसोलेसन केन्द्रको रुपमा संक्रमणकालिन अबस्थामा प्रयोग गर्ने ।

4. शिक्षक तथा विधार्थीहरुलाई स्वयमसेवकको रुपमा विभिन्न जनचेतना मुलक कार्यक्रममा सहभागी तथा परिचालन गर्ने।

5. विज्ञको परामर्श अनुसार विभिन्न एप्स बनाउने र प्रयोगमा ल्याउने। त्यस्तै विभिन्न जनचेतना मुलक कार्यक्रम टीभी, रेडियो तथा अन्य संचार माध्यमबाट प्रसारण गर्ने।

6. अन्य मुलुकबाट भित्रिने स्वास्थ्य सामाग्रीहरु विज्ञहरुको स्वीकृतिपछि मात्रै प्रयोगमा ल्याउने। यसको लागि विज्ञहरुको टिम बनाउने।


7. पीपीइ /मास्क आदि बनाउन सीपमुलक तालिम दिने।यसको लागि घरेलु महिलाहरुलाई पनि परिचालन गर्न सकिन्छ।

8. कोभिड -१९ महामारी फैलिरहेको बेला अन्य दैनिक उपभोग्य बस्तुको कमि हुन नदिनको लागि सबैजना चनाखो हुनुपर्ने हुन्छ। त्यस्तै पानी जन्य महामारी हुनसक्ने सम्भाबना प्रबल भएकोले खानेपानी विभागले बिशेष सजगता अपनाउनु पर्ने हुन्छ।नियमित खानेपानीको जांच गर्नुपर्छ।क्लोरिनको मात्राको जांच गर्नुपर्छ।खानेपानीको अभाब हुन नदिन आबश्यक पहल गरौ। ट्यांकर ब्यबसायीहरुको अनुगमन गरौ, जारको पानीको पनि नियमित जांच र अनुगमन गरौ।

9. प्रत्येक प्रदेशमा सुबिधा सम्पन्न कोभिड अस्पताल स्थापना गरौ।

10. पालिका तथा प्रदेशमा पानी जांच केन्द्र स्थापना गर्ने।

भवदीय



डा. हेमु खरेल काफ्ले
अध्यक्ष